# विश्व अपाङ्गता शिखर सम्मेलनका सम्बन्धमा तयार पारिएको

# जानकारीमूलक हाते पुस्तिका

फागुन २०८१




DDAN
Dalit with Disabilities Association Nepal

NIDWAN
National Indigenous Disabled Women Association-Nepal
2015

Disability Rights Advocacy Fund

GLOBAL DISABILITY SUMMIT

# विश्व अपाङ्गता शिखर सम्मेलनका सम्बन्धमा तयार पारिएको जानकारीमूलक हाते पुस्तिका

फागुन २०८१

सल्लाहकार : पम्फा पुर्कोटी, अध्यक्ष; दलित अपाङ्गता भएका व्यक्तिहरुको संघ-नेपाल

: जमुना तामाङ, अध्यक्ष; राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ-नेपाल

तयारकर्ता : कृष्ण गहतराज – वरिष्ठ संस्थापक तथा प्राविधिक सल्लाहकार, अपाङ्गता समावेशी विकास विज्ञ

: प्रतिमा गुरुङ, विषय विज्ञ, राष्ट्रिय अपाङ्गता निर्देशन समिति, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

व्यवस्थापन : वीरमाने वि.क., महासचिव; शिव शंकर, वित्तिय तथा प्रशासनिक अधिकृत;

प्रकाशक : दलित अपाङ्गता भएका व्यक्तिहरुको संघ-नेपाल (डिडान)

सहयोगी संस्था : **Disability Rights Advocacy Fund**

प्रकाशन मिति : २०८१

प्रकाशन प्रति : ५०० प्रति

डिजाइन तथा लेआउट : भिजन प्रिन्टिङ्ग सर्भिस एण्ड सप्लायर्स

सर्वाधिकार @ दलित अपाङ्गता भएका व्यक्तिहरुको संघ-नेपाल (डिडान)

**अस्वीकरण:** यस हातेपुस्तिकामा समेटिएका अधिकांश विषयवस्तु विश्व अपाङ्गता शिखर सम्मेलनको वेवसाइटमा राखिएको सूचनाहरुलाई आधार मानेर बनाइएको हो । कतिपय सूचनाहरु नेपालीकरण मात्रै पनि गरिएको छ । यसको अभिप्राय नेपाली बुझ्नेलाई सहज होस् भन्ने हो ।



Group photos of DDAN & NIDWAN team while attending the GDS2025 in-person in Berlin, Germany

# विषयसूचि


| | |
|---|---|
| १) परिचय | १ |
| २) खण्ड १: विश्व अपाङ्गता शिखर सम्मेलनका बारेमा | ३ |
| ३) खण्ड २: प्रथम विश्व अपाङ्गता शिखर सम्मेलन २०१८ | ११ |
| ४) खण्ड ३: दोश्रो विश्व अपाङ्गता शिखर सम्मेलन २०२२ | २७ |
| ५) खण्ड ४: तेश्रो विश्व अपाङ्गता शिखर सम्मेलन २०२५ | ३३ |
| ६) खण्ड ५: नागरिक समाज मञ्च (Civil Society Forum) | ४९ |
| ७) खण्ड ६: विश्व अपाङ्गता शिखर सम्मेलनको प्रतिबद्धता संयन्त्र | ५८ |
| ८) खण्ड ७: अमान-वर्लिन घोषणापत्र | ८४ |
| ९) खण्ड ८: विश्व अपाङ्गता समावेशी प्रतिवेदन २०२५ | ९० |
| १०) अनुसूचीहरु: | ९५ |




Pampha Purkoti - President of DDAN posing a single photo in from of GDS banner while attending the summit in Berlin in Germany in April 2025

# परिचय

# हातेपुस्तिका के हो?

यो विश्व अपाङ्गता शिखर सम्मेलन अर्थात् Global Disability Summit (GDS) को बारेमा जानकारी प्रदान गर्ने सरल र सजिलो भाषामा लेखिएको सूचनामूलक दस्तावेज हो ।

# हातेपुस्तिका नै किन?

विश्व अपाङ्गता शिखर सम्मेलनको महत्व र प्रभावकारिता क्रमिक रुपमा बढ्दै गइरहेको सन्दर्भमा राष्ट्रिय, प्रादेशिक र स्थानीय तहहरुमा व्यापक सचेतना अभिवृद्दि गर्ने उद्देश्यले यो हातेपुस्तिका तयार गरी प्रकाशन गरिएको हो ।

# हातेपुस्तिका कसको लागि हो?

यो हातेपुस्तिका विश्व अपाङ्गता शिखर सम्मेलनका बारेमा चासो तथा जिज्ञासा राख्ने सबैका लागि हो ।

# खण्ड १: विश्व अपाङ्गता शिखर सम्मेलनका बारेमा

# इतिहास

विगतको विश्वव्यापी विकासको आयाम – सहश्राब्दि विकास लक्ष्य र यसका ८ वटा लक्ष्यहरुले मूलभूत रुपमा अपाङ्गता भएका व्यक्तिहरुलाई समेटेको थिएन। अपाङ्गतालाई विकास र मानवअधिकारको एजेण्डाका रुपमा पहिचान र स्वीकार नै गरेको थिएन। यसैको परिणामस्वरुप विश्वको वर्तमान विकासको आयाम – दिगो विकासका लागि २०३० एजेण्डा र १७ वटा लक्ष्यहरुले 'अपाङ्गता'को सवाललाई 'विकास' र 'अधिकार'को सवाललाई पहिचान गरेको छ।

सन् २००६ मा संयुक्त राष्ट्रसंघले अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धि महासन्धिको घोषणा गर्यो। सो महासन्धिले अपाङ्गता भएका व्यक्तिहरुको सवाललाई मानवअधिकार र विकासको मूल सवालको रुपमा स्थापित गर्यो।

सो अन्तराष्ट्रिय मान्यतालाई चरितार्थ गर्नका लागि पनि दिगो विकास लक्ष्यले अपाङ्गतालाई विशिष्ट रुपमा समाहित गरेको छ ।

दिगो विकासका लागि २०३० एजेण्डा र यसका १७ वटा लक्ष्यहरुको मूख्य आधारपत्रमा ११ ठाउँमा 'अपाङ्गता' र 'अपाङ्गता भएका व्यक्ति भनी उल्लेख गरिएको छ । यस दिगो विकासका लागि २०३० एजेण्डाको एउटा प्रमुख सिद्दान्त 'कोहि पछाडि नछोडिऊन्' भएकोले अपाङ्गतालाई अनिवार्य सर्तको रुपमा स्वीकार गरेको छ । यसर्थ, यस दिगो विकासका १७ वटा लक्ष्यहरुमध्ये **लक्ष्य ४, लक्ष्य ८, लक्ष्य १०, लक्ष्य ११ र लक्ष्य १६** मा विशिष्ट रुपमा अपाङ्गतालाई उल्लेख नै गरी समाहित गरिएको छ । उल्लेखित लक्ष्यहरुलाई व्यवहारिक रुपमा नै कार्यान्वयन गर्नका लागि सन् २०१७ मा यस **'विश्व अपाङ्गता शिखर सम्मेलन'** को अवधारणा निर्माण गरिएको हो जसले अपाङ्गता समावेशी विकास र मानवीय कार्यको लागि साझा लक्ष्य र दृष्ट्रिकोण भएका अन्तराष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय

सरोकारवालाहरुलाई भेला गर्ने निर्णय लिएको थियो । सोहि निर्णयअनुसार सन् २०१८ मा पहिलो पटक, सन् २०२२ मा दोस्रो पटक र सन् २०२५ मा तेस्रो पटक श्रृङ्खलाबद्द रुपमा विश्व अपाङ्गता शिखर सम्मेल आयोजना गरी सम्पन्न भयो ।

## 'विश्व अपाङ्गता शिखर सम्मेलन' के हो ?

'विश्व अपाङ्गता शिखर सम्मेलन' दक्षिणी गोलार्धमा बसोबास गर्ने आम अपाङ्गता भएका व्यक्तिहरुको जीवनमा सुधार ल्याउनका लागि निर्माण गरिएको एक विश्वव्यापी संयन्त्र हो । विश्व अपाङ्गता शिखर सम्मेलन एउटा त्यस्तो संयन्त्र हो जसले हरेक तीन वर्षमा हुने दुईदिने सम्मेलनमा मात्र सिमित नरही त्योभन्दा व्यापक छ ।

यो एउटा संयन्त्र हो जसले अपाङ्गताको क्षेत्रमा काम गर्ने विकासका सरोकारवालाहरुसँग निरन्तर वकालत गर्दछ र अपाङ्गता अधिकार आन्दोलन र

यसका सहयोगीहरुलाई परिचालन गर्दछ । यस संयन्त्रको महत्वपूर्ण कुरा के छ भने यो सदस्य राष्ट्रहरु र अपाङ्गता भएका व्यक्तिहरुको संस्थाहरुबीचको साझेदारीता हो जुन सह-आयोजक व्यवस्था गर्ने तरिकामा समाहित हुन्छ । यसलाई अंग्रेजीमा छोटकरीमा GDS पनि भन्ने र लेख्ने गरिन्छ ।

## 'विश्व अपाङ्गता शिखर सम्मेलन' को उद्देश्य के हो ?

'विश्व अपाङ्गता शिखर सम्मेलन' को मुख्य लक्ष्य 'अपाङ्गता समावेशीकरण' र 'विकास सहयोग'बीच रहेको खाडललाई कम गर्नु हो । यस सम्मेलनको उद्देश्य अपाङ्गता समावेशीकरणका लागि गरिएका पहलकदमीहरुलाई विश्वव्यापीरुपमा तीव्र पार्नु पनि हो ।

अपाङ्गता समावेशीकरणको लक्ष्य प्राप्ति विकासका साझेदार संस्थाहरु र विकास सहयोगको लगानीबाट मात्रै सम्भव छ । लगानीबिना अपाङ्गता समावेशीकरणको

लक्ष्य प्राप्त गर्न सकिदैन । यो लक्ष्य प्राप्त गर्न नसक्नु भनेको दिगो विकासको लक्ष्य प्राप्त नहुनु हो । दिगो विकासको लक्ष्य प्राप्त नहुनु भनेको 'कोहि पछाडि नछोडिऊन्' भन्ने सिद्दान्तको कार्यान्वयन नहुनु हो ।

## 'विश्व अपाङ्गता शिखर सम्मेलन' भएर के हुन्छ ?

विश्व अपाङ्गता शिखर सम्मेलनले अपाङ्गताको क्षेत्रमा भएका प्रगतिहरु र चुनौतिहरुका बारेमा छलफल गर्न सदस्य राष्ट्रहरु, अपाङ्गता भएका व्यक्तिहरुको संघसंस्थाहरु, बहुपक्षिय निकायहरु, नीजि क्षेत्र, प्राज्ञिक व्यक्तित्वहरु र नागरिक समाजका संघसंस्थाहरु सहित विभिन्न उच्चस्तरीय सरोकारवालाहरुलाई एकतावद्द गरेर काम गर्ने गर्दछ ।

## के विश्व अपाङ्गता शिखर सम्मेलनमा नेपालको सहभागीता छ?

विश्व अपाङ्गता शिखर सम्मेलनको प्रारम्भदेखि नै नेपालको सहभागिता छ । सन् २०१८ मा नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले सदस्य राष्ट्रको हैसियतमा प्रत्यक्ष सहभागीता जनाएको थियो । नागरिक समाजको तर्फबाट पनि नेपालबाट केहि सीमित अपाङ्गता अधिकारकर्मीहरुको पनि प्रत्यक्ष सहभागीता थियो । जस्तै तात्कालीन समयमा राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ-नेपालको संस्थापक अध्यक्ष प्रतिमा गुरुङ समग्र न्यूनप्रतिनिधित्व रहेका अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधित्व गर्दै विभिन्न Side Event मा बोल्नुभएको थियो । त्यसैगरी, राष्ट्रिय अपाङ्ग महासंघ-नेपाल लगायतको प्रतिनिधित्व र सहभागीता रहेको थियो । सन् २०२२ को दोस्रो विश्व अपाङ्गता शिखर सम्मेलन कोभिड – १९ को कारण भर्चुअल भएकोले नेपालको पनि

भर्चुअल सहभागीता थियो। त्यसैगरी, सन् २०२५ को तेस्रो विश्व अपाङ्गता शिखर सम्मेलनमा भने धेरै अपाङ्गता भएका व्यक्तिहरुको संघसंस्थाका प्रतिनिधिहरुको प्रत्यक्ष सहभागीता र प्रतिनिधित्व रहेको थियो जुन एक ऐतिहासीक क्षण पनि बन्यो। यद्यपि, तेस्रो विश्व अपाङ्गता शिखर सम्मेलन २०२५ मा भने नेपाल सरकार लगायत कुनै पनि अपाङ्गता भएका व्यक्तिहरुको संघसंस्थाहरुले प्रतिबद्धता जनाएका थिएनन्।

# २: प्रथम विश्व अपाङ्गता शिखर सम्मेलन २०१८

## कहाँ, कहिले र कसरी सम्पन्न भएको थियो?

प्रथम विश्व अपाङ्गता शिखर सम्मेलन सन् २०१८ जुलाई २३ र २४ मा संयुक्त राज्यको लण्डनमा आयोजना गरी सम्पन्न गरिएको थियो। यो सम्मेलन तात्कालिन समयको अन्तराष्ट्रिय विकासका लागि संयुक्त राज्य विभाग (UK Department for International Development - DFID), International Disability Alliance र केन्या सरकारको संयुक्त सह-आयोजनामा सम्पन्न भएको थियो। यो दुरगामी परिणामहरु सहितको खेल परिवर्तन गर्ने सम्मेलन थियो। यसलाई अंग्रेजीमा छोटकरीमा GDS18 पनि भन्ने र लेख्ने गरिन्छ।

## यस प्रथम सम्मेलनको मुख्य उद्देश्यहरु के के थिए?

यस प्रथम विश्व अपाङ्गता शिखर सम्मेलनको मुख्य उद्देश्यहरु देहायबमोजिम थिए –

१. विश्वको ध्यान केन्द्रित गर्ने र उपेक्षित क्षेत्रमा केन्द्रित हुने;

२. संलग्नतालाई व्यापक बनाउन नयाँ आवाज र दृष्टिकोणहरू ल्याउने;

३. अपाङ्गता सम्बन्धी नयाँ विश्वव्यापी र राष्ट्रिय प्रतिबद्धताहरूलाई परिचालन गर्ने;

४. विश्वभरका उत्कृष्ट अभ्यासहरू र प्रमाणहरू प्रदर्शन गर्ने।

## यस सम्मेलनमा क-कसले सहभागीता जनाएका थिए?

यस प्रथम सम्मेलनमा ६७ देशका लगभग १२०० प्रतिनिधिहरु उपस्थित थिए जसमा एक राष्ट्र प्रमुख (इक्वेडर), ४० भन्दा बढी सरकारी मन्त्रीहरू र पाँच संयुक्त राष्ट्र संघीय निकायहरूका प्रमुखहरू समेत समावेश थिए। यस सम्मेलनमा विश्व नेताहरू, सरकारी अधिकारीहरू, नागरिक समाज, निजी क्षेत्र, दातृ निकायरहरु र अपाङ्गता

भएका व्यक्तिहरूको संघसंस्थाहरु (OPDs) ले अपाङ्गता भएका व्यक्तिहरूको लागि विकास र मानवीय कार्यलाई अझ समावेशी बनाउन अनुभव, विचार र आकांक्षाहरूलाई साझा बनाउन एकसाथ आएका थिए। यस सम्मेलनको योजना र कार्यान्वयनमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धिले भनेको जस्तै "हाम्रा लागि हामी नै" भन्ने नाराअनुरूप नै केन्द्रमा अपाङ्गता भएका व्यक्तिहरु थिए।

## सम्मेलनमा सहभागी प्रतिनिधिहरुले के गरेका थिए?

यस प्रथम विश्व अपाङ्गता शिखर सम्मेलनमा ३०० भन्दा बढी संस्था र सरकारहरूले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धि २००६ को कार्यान्वयन गर्ने कार्यको रूपरेखा, **परिवर्तनको लागि बडापत्र**मा हस्ताक्षर गरेका थिए। सहभागीहरूले **अपाङ्गता-समावेशी विकास**लाई सुदृढ पार्ने उद्देश्यले

लगभग १००० विशिष्ट प्रतिबद्धताहरू पनि गरे, जसमा अपाङ्गता समावेशीकरणमा तुलनात्मक रूपमा नयाँ निकायहरु र सरकारहरूबाट धेरै प्रतिबद्धताहरू समावेश थिए।

## प्रथम विश्व अपाङ्गता शिखर सम्मेलनका के के-कस्ता विषयवस्तु र प्राथमिकताहरु थिए ?

यस प्रथम विश्व अपाङ्गता शिखर सम्मेलनका देहायका विषयवस्तु र प्राथमिकताहरु थिए –

- कलङ्क र भेदभावको सामना गर्ने;
- शिक्षामा समावेशीकरण;
- आर्थिक सशक्तिकरणका मार्गहरु;
- प्रविधि र नविनताको उपयोग गर्ने।

## सम्मेलनमा के-कस्ता प्रतिबद्धताहरु गरिएका थिए?

प्रथम विश्व अपाङ्गता शिखर सम्मेलनमा १७१ सदस्य राष्ट्रहरु, बहुपक्षीय निकायहरू, दातृ निकायहरु, प्रतिष्ठानहरू, निजी क्षेत्र र नागरिक समाजका संघसंस्थाहरूले माथि सूचीबद्ध गरिए अनुसार शिखर सम्मेलनका चार केन्द्रीय विषयवस्तुहरू (सबैको लागि मर्यादा र सम्मान सुनिश्चित गर्ने, समावेशी शिक्षा, आर्थिक सशक्तिकरणका मार्गहरू, प्रविधि र नवप्रवर्तनको उपयोग), साथै दुईवटा अन्तरसम्बन्धित विषयवस्तुहरू (अपाङ्गता भएका महिला र किशोरीहरू, द्वन्द्व र मानवीय सन्दर्भहरू), र खण्डीकृत तथ्याङ्कको वरिपरि कुल ९६८ व्यक्तिगत प्रतिबद्धताहरू गरेका थिए।

## विश्व अपाङ्गता शिखर सम्मेलन २०१८ मा नेपाल सरकारले के प्रतिबद्धता गरेको थियो?

विश्व अपाङ्गता शिखर सम्मेलन २०१८ मा नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले प्रतिबद्धताहरु गरेको थियो । तात्कालीन समयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री थममाया थापा मगर नै प्रत्यक्ष रुपमा यो सम्मेलनमा सहभागी हुनुभएको थियो । सो मन्त्रालयका तर्फबाट गरिएका प्रतिबद्धताहरु देहायबमोजिम छन् –

- **कलङ्क र भेदभावको अन्त्य:** नीति, कानून र यसको प्रभावकारी कार्यान्वयनलाई जोड दिनेछ । विद्दमान ऐन, नियमावली तथा नीतिलाई थप सुदृढ गर्नेछ । नयाँ बनाइने नियम कानूनहरुलाई अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धि (सिआरपीडि), वर्तमान संघीय सरकारको

व्यवस्था र सन् २०१८ मा सिआरपीडि समितिले नेपाल सरकारलाई दिएको निश्कर्षात्मक सुझाव अनुकूल बनानेछ । साथै, तीनको प्रभावकारी कार्यान्वयनका लागि स्रोतको विनियोजन गर्नेछ ।

- **अपाङ्गता भएका महिला तथा किशोरी:** कानून, नीति र कार्यान्वयन रणनीतिहरू सुनिश्चित गर्ने, अपाङ्गता भएका महिला र किशोरीहरू विरुद्ध हुने लैङ्गिक हिंसालाई रोक्न र सम्बोधन गर्ने जस्ता लक्षित कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

- **आर्थिक सशक्तिकरणका मार्गहरु:** नेपाल सरकारले समान अवसर, भेदभाव र सामाजिक सुरक्षा सुनिश्चित गर्न कानुनी ढाँचामा आवश्यक संशोधन गर्नेछ ।

- **द्वन्द्व र मानवीय सन्दर्भहरु:** नयाँ समावेशी मानवीय प्रतिकार्यहरु जस्तै कोषको घोषणा, नयाँ निर्देशिकाहरु, क्षमता अभिवृद्धिका अभियानहरु जस्ता लक्षित कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

- **समावेशी शिक्षा:** सरकारले बजेट र स्रोतसाधनलाई नीतिसँग सुसंगत रुपमा जोडेर समावेशी शिक्षा नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नेछ ।

- **खण्डिकृत तथ्याङ्क:** अपाङ्गता सम्बन्धि तथ्याङ्कलाई सुदृढ गर्न आवश्यक पर्ने स्रोतहरुको सहयोग गर्ने प्रतिबद्दता गर्दछ । सरकार कार्यक्रमहरु, जनगणना, घरधुरी सर्वेक्षण वा प्रशासनिक प्रणालीहरुमा अपाङ्गता सम्बन्धि खन्डिकृत तथ्याङ्क सङ्कलन गर्न वा सोसम्बन्धि कार्य गर्नका लागि अन्यलाई समेत सहयोग गर्न प्रतिबद्धता गर्दछ ।

- **प्रविधि र नवप्रवर्तनको उपयोग:** सरकार राष्ट्रिय मापदण्ड वा निर्देशिकाहरु र वा विश्व स्वास्थ्य संगठनको स्थानीय अनुकूलनमा प्रतिबद्धता गर्दछ ।

## विश्व अपाङ्गता शिखर सम्मेलन २०१८ मा राष्ट्रिय अपाङ्ग महासंघ-नेपालले के प्रतिबद्धता गरेको थियो?

विश्व अपाङ्गता शिखर सम्मेलन २०१८ मा राष्ट्रिय अपाङ्ग महासंघ-नेपालले गरेको प्रतिबद्दताहरु देहायबमोजिम छन् –

- **द्वन्द्व र मानवीय सङ्कट:** विपद् जोखिम न्यूनीकरण प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्न सरकारी निकायहरूसँग वकालत गर्नेछ; विपद् जोखिम न्यूनीकरण र अपाङ्गता समावेशीकरण सम्बन्धि अपाङ्गता भएका व्यक्तिहरुको संघसंस्थाहरुको क्षमता वृद्दि निर्माण गर्नेछ; अपाङ्गता

र विपद् तथा अपाङ्गता सम्बन्धि चासोहरुमा मानवीय कार्यमा कार्यारत संघसंस्थाहरुलाई सचेतीकरण गर्नेछ ।

- **समावेशी शिक्षा:** तालिमको विषयसूची तथा तालिमा पुस्तिकाको निर्माण गर्नेछ; विद्यालयका विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुलाई अभिमूखीकरण र तालिम प्रदान गर्नेछ । विद्यालयको वातावरण पहुँचयुक्त बनाउनका लागि प्राविधिक रुपमा सहयोग प्रदान गर्नेछ ।

- **खण्डिकृत तथ्याङ्क:** राष्ट्रिय जनगणनामा अपाङ्गतालाई समावेश गर्न केन्द्रिय तथ्याङ्क विभागसँग लबी तथा पैरवी गर्नेछ; अपाङ्गता परिचयपत्र वितरणको तथ्याङ्कलाई वैज्ञानिक रुपमा व्यवस्तापन गर्न सरकारसँग सहकार्य गर्नेछ; सफ्टवेयरमा आधारित स्थानीय तथ्याङ्क व्यवस्थापन प्रणालीको प्रवर्द्धन र बृहत् अपाङ्गता सर्वेक्षणका लागि सरकारसँग वकालत गर्नेछ ।

- **आर्थिक सशक्तिकरणका मार्गहरु:** जागिर खोज्नेहरुको तथ्याङ्क सङ्कलन गर्नेछ । उनीहरुको मनोबल बढाउनका लागि परामर्श प्रदान गर्ने तथा प्रशिक्षण गर्ने, कार्यस्थलमा पहुँचयुक्तता प्रवर्द्धन गर्ने, रोजगारदाताहरुसँग सञ्जालीकरण गर्ने र उनीहरुको अपाङ्गताप्रतिको सोँच तथा विचारमा परिवर्तन गर्ने; र जागीरको लागि व्यवस्थापन गर्नेछ ।

- **कलङ्क तथा भेदभावको अन्त्य:** अपाङ्गता भएका व्यक्तिहरुले आफ्नो अधिकार माग गर्न सक्ने क्षमतालाई सुदृढ गर्ने सम्बन्धमा महासंघ एकदमै प्रतिबद्ध रहेको छ; समुदायमा जरा गाडेर रहेको अपाङ्गताको आधारमा हुने विभिन्न प्रकारका भेदभावहरूलाई न्यूनिकरण गर्ने; निर्णय प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्ने, पहुँचयुक्तताको प्रवर्द्धन गर्ने, उनीहरुको अन्य सरह न्याय र आधारभूत सेवाहरुमा समान पहुँचको सुनिश्चितता गर्नेछ ।

- **अपाङ्गता भएका महिला र किशोरीहरु:** निर्णय प्रक्रियामा अपाङ्गता भएका महिलाहरूको समान सहभागिता, अपाङ्गता भएका महिलाहरूको नेतृत्व विकास, अपाङ्गता भएका महिलाहरू विरुद्ध हुने हिंसा न्यूनीकरण, प्रजनन स्वास्थ्य जस्ता अपाङ्गता भएका महिलाहरूको विशेष मुद्दाहरूको वकालत गर्नेछ ।

## के पहिलो विश्व अपाङ्गता शिखर सम्मेलन २०१८ मा नेपालबाट कसैले वक्ताको रुपमा बोल्नुभएको थियो?

विश्व अपाङ्गता शिखर सम्मेलनमा प्रारम्भदेखि नै नेपालको तर्फबाट मात्र नभइ समग्र आदिवासी तथा न्यूनप्रतिनिधित्व र सीमान्तकृत अपाङ्गता भएका व्यक्तिहरुको तर्फबाट राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ-नेपालले विभिन्न मूख्य सत्रहरुमा वक्ताको रुपमा बोल्नुका साथै Side Event को पनि आयोजना गर्दै

आइरहेको छ । त्यसैले, सन् २०१८ को पहिलो विश्व अपाङ्गता शिखर सम्मेलनमा पनि राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ-नेपालले सो सम्मेलनको मूख्यसत्रमा तय गरिएको "GDS18: Global Disability Movement and Realization of the CRPD from Underrepresented Groups with Disabilities" मा सोहि संस्थाको प्रतिनिधित्व गर्दै प्रतिमा गरुङले वक्ताको रुपमा बोल्नुभएको थियो । वास्तवमा, यो नै विश्व अपाङ्गता आन्दोलनमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धीको प्रभावकारी कार्यान्वयनका सन्दर्भमा **न्यूनप्रतिनिधित्व र अन्तरच्छेदिय दृष्ट्रिकोण**को सम्बन्धमा बहस गरिएको पहिलो इतिहास थियो ।




सन् २०१८ मा युकेको लण्डनमा आयोजना गरीएको विश्व अपाङ्गता शिखर सम्मेलनको मूख्यसत्रमा वक्ताको रुपमा अन्य वक्ताहरुसँग सहभागी हुँदै

# खण्ड ३: दोश्रो विश्व अपाङ्गता शिखर सम्मेलन २०२२

## कहाँ, कहिले र कसरी सम्पन्न भएको थियो ?

दोश्रो विश्व अपाङ्गता शिखर सम्मेलन सन् २०२२ फेब्रुअरी १६ र १७ मा नर्वे सरकार, घाना सरकार र International Disability Alliance ले नर्वेको ओश्लोमा आयोजना गरी सम्पन्न गरिएको थियो । कोभिड-१९ को महामारी र शिखर सम्मेलनमा समावेशी सहभागिता सुनिश्चित गर्न यस दोश्रो विश्व अपाङ्गता शिखर सम्मेलन डिजिटल प्लेटफर्ममा आयोजना गरिएको थियो । यसलाई अंग्रेजीमा छोटकरीमा GDS22 पनि भन्ने र लेख्ने गरिन्छ ।

## दोस्रो विश्व अपाङ्गता शिखर सम्मेलन केमा आधारित थियो?

GDS2022 पहिलो शिखर सम्मेलनमा प्राप्त नतिजाहरूमा आधारित थियो जसले गर्दा विश्वव्यापी रूपमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको पूर्तितर्फ अत्यन्त आवश्यक प्रगतिलाई अझ तीव्रता दिइएको थियो । यो शिखर सम्मेलनले

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि (CRPD), **"कोहि पछाडि नछोडिऊन"** को सिद्धान्त र कोभिड-१९ को सन्दर्भमा राम्रो र समावेशी पुनर्निर्माणको लागि गरिएका प्रयासहरूलाई परिचालन गर्नेमा आधारित थियो ।

## दोस्रो विश्व अपाङ्गता शिखर सम्मेलनको उद्देश्यहरु के के थिए?

दोस्रो विश्व अपाङ्गता शिखर सम्मेलनको उद्देश्यहरु देहायबमोजिमका थिए –

- उपेक्षित क्षेत्रहरू र समावेशी दिगो विकासमा विश्वव्यापी ध्यान केन्द्रित गर्ने
- ग्लोबल साउथमा अपाङ्गता भएका व्यक्तिहरूको संस्थाहरूको क्षमता र सरकारहरूसँगको उनीहरूको संलग्नतालाई सुदृढ पार्ने
- अपाङ्गता समावेशीकरण र समावेशी विकासमा लक्षित र ठोस प्रतिबद्धताहरूलाई परिचालन गर्ने

- अपाङ्गता समावेशी विकासमा विश्वभरबाट उत्कृष्ट अभ्यास र प्रमाणहरू, र २०१८ मा GDS बाट भएको प्रगति प्रदर्शन गर्ने।

## दोस्रो विश्व अपाङ्गता शिखर सम्मेलन कति सहभागी भए र के-कस्ता प्रतिबद्धताहरु गरिए?

दोस्रो विश्व अपाङ्गता शिखर सम्मेलनमा झण्डै ७,००० भन्दा बढी प्रतिनिधिहरु सहभागी भएका थिए। १९० भन्दा बढी सरोकारवालाहरुद्वारा १४२० भन्दा बढी नयाँ प्रतिबद्धताहरु गरिएका थिए। सो दुईदिने भर्चुअल शिखर सम्मेलनमा नयाँ नीति र कोषको घोषणा समेत गरिएको थियो। यसका साथै, शिक्षा, समावेशी स्वास्थ्य सेवा, रोजगार बजार र लैङ्गिक अधिकारमा अपाङ्गता भएका व्यक्तिहरुलाई सहयोग गर्ने समेत प्रतिबद्धताहरु गरिएको थियो। यसका साथसाथै, यस शिखर सम्मेलनका दुई प्रमुख विषयवस्तुहरू 'अपाङ्गता भएका व्यक्तिहरूको उनीहरूको

प्रतिनिधि संस्थाहरू मार्फत अर्थपूर्ण संलग्नता', 'कोभिड-१९ पछि पहिलेको भन्दा झन् राम्रो निर्माण र थप समावेशी' र 'लैङ्गिकता' लाई अन्तरसम्बन्धित विषयवस्तुको रूपमा प्रतिबद्धताहरु गरिएको थियो।

## दोस्रो विश्व अपाङ्गता शिखर सम्मेलनमा नयाँ के गरिएको थियो?

दोस्रो विश्व अपाङ्गता शिखर सम्मेलनमा "विश्वव्यापी अपाङ्गता युवा शिखर सम्मेलन (GDS Youth)" भएको थियो, जुन विश्वको पहिलो विश्वव्यापी अपाङ्गता युवा शिखर सम्मेलन थियो। यस सम्मेलन International Disability Alliance, UNICEF, र Atalas Alliance द्वारा सह-आयोजना गरिएको थियो। यसको प्रतिनिधित्व युवा मानसिक स्वास्थ्य नर्वे र नागरिक समाज फोरमले गरेका थिए। यो १५ फेब्रुअरी २०२२ मा आयोजित गरिएको थियो।

## के दोस्रो विश्व अपाङ्गता शिखर सम्मेलन २०२२ मा नेपालबाट कसैले Side Event को आयोजना गरेको थियो?

सन् २०२२ को दोस्रो विश्व अपाङ्गता शिखर सम्मेलन कोभिड – १९ को कारण प्रभावित भएको थियो । यद्यपि, यसका सम्पूर्ण गतिविधिहरु भर्चुअल रुपमा आयोजना गरिएको थियो । त्यसैले, नेपालको पनि भर्चुअल सहभागीता थियो । भर्चुअल भएता पनि राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ-नेपालले Indigenous Persons with Disabilities Global Network, Vidas Negras com Deficiencia Importam, International Disability Alliance र Minority Rights Group सँग मिलेर "Ensuring that Indigenous Peoples and Minority with Disabilities Are Not Left Behind in Covid-19 Recovery Efforts: Building New Partnerships

to Meet Urgent Challenges" शिर्षकमा फेब्रुअरी १६ मा Side Event को आयोजना गरेको थियो जसमा उल्लेखित संस्थाहरुका प्रतिनिधिहरुले विभिन्न विचार राख्नुभएको थियो।




Ms. Kabita Bishwakarma - Treasurer of National Albino Disabled - Nepal and Provincial Focal Person of DDAN for Lumbini Province; Posing a photo in the background banner of GDS in Berlin, Germany while attending the summit with other two ladies with albino from Africa Region

# खण्ड ४: तेश्रो विश्व अपाङ्गता शिखर सम्मेलन २०२५

## कहाँ, कहिले र कसरी सम्पन्न भयो?

तेस्रो विश्व अपाङ्गता शिखर सम्मेलन विगतका दुई सम्मेलनहरुको उपलब्धिहरुको जगमा आधारित छ । यो सम्मेलन स्थायी सह-आयोजक International Disability Alliance सँगसँगै जर्मन र जोर्डन सरकारहरुद्वारा सह-आयोजना गरिएको थियो । यो तेस्रो विश्व अपाङ्गता शिखर सम्मेलन अप्रिल २-३, २०२५ मा जर्मनीको वर्लिनमा भव्यताका साथ सम्पन्न भयो । यसलाई GDS२०२५ पनि भन्ने वा लेख्ने गरिन्छ ।

## यो सम्मेलनको मुख्य लक्ष्यहरु के के थिए?

तेस्रो विश्व अपाङ्गता शिखर सम्मेलनले बहु-सरोकारवाला संवादहरुलाई सहजीकरण गरी अपाङ्गता समावेशीकरणको वकालत गर्न एकीकृत दृष्टिकोणलाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको थियो । त्यसैगरी, यस तेस्रो सम्मेलनले अन्तराष्ट्रिय सहयोग

मार्फत सबै अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र समावेशीकरणलाई अगाडि बढाउन यसको प्रभावलाई बढाएर अघिल्ला दुई सम्मेलनहरुको गति निर्माण र विस्तार गर्नु थियो । यस सम्मेलनले अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधि संस्थाहरु, नागरिक समाज र नीजि क्षेत्रबीच सहकार्यका अवसरहरु सिर्जना गर्नु थियो ।

## तेस्रो विश्व अपाङ्गता शिखर सम्मेलनको ध्येय के थियो?

तेस्रो विश्व अपाङ्गता शिखर सम्मेलन २०२५ को ध्येय अपाङ्गता समावेशीकरणलाई तत्काल विश्वव्यापी प्राथमिकता बनाउनु र प्रत्येक अपाङ्गता भएका व्यक्तिले समाजमा पूर्ण रूपमा संलग्न हुन र फस्टाउन सकोस् भन्ने कुरा सुनिश्चित गर्नु रहेको थियो । यो शिखर सम्मेलन केवल निरन्तरता मात्र थिएन । यो अझ न्यायपूर्ण र समावेशी संसारको लागि सामूहिक खोजमा एक साहसिक छलांग थियो ।

## तेस्रो विश्व अपाङ्गता शिखर सम्मेलनमा के फरक थियो?

तेस्रो विश्व अपाङ्गता शिखर सम्मेलन २०२५ विश्वव्यापी रूपमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र समावेशीकरणलाई अगाडि बढाउन एक परिवर्तनकारी शक्ति बन्ने इच्छा राखेको थियो। यो शिखर सम्मेलनले समावेशी र दिगो विकास सहयोग र मानवीय कार्यतर्फको प्रयासलाई विस्तार र निर्माण गर्न सन् २०१८ मा पहिलो विश्व अपाङ्गता शिखर सम्मेलनले प्रतिनिधित्व गरेको आधारभूत शक्तिलाई मान्यता दिँदै, र त्यसबेलादेखि र सन् २०२२ सम्म हासिल गरेको प्रगतिमा निर्माण गर्न चाहने आफ्नो आह्वान शक्तिलाई प्रयोग गर्यो।

## तेस्रो विश्व अपाङ्गता शिखर सम्मेलन के मा केन्द्रित थियो?

तेस्रो विश्व अपाङ्गता शिखर सम्मेलन मूलत: ७ वटा विषयवस्तुहरुमा केन्द्रित थियो जुन सक्षिप्त रुपमा देहायबमोजिम प्रस्तुत गरिएको छ –

- **"हाम्रा लागि हामी नै":** GDS २०२५ ले अपाङ्गता भएका व्यक्तिहरूलाई शिखर सम्मेलनको केन्द्रमा राख्ने प्रतिबद्धतालाई पुन: पुष्टि गरेको थियो। यो सिद्धान्तलाई अर्थपूर्ण परामर्श मार्फत विश्व अपाङ्गता शिखर सम्मेलनका विषयवस्तु र प्राथमिकताहरूलाई ठोस आकार दिन अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधि संस्थाहरुको भूमिकालाई सुदृढ पारेर र संयुक्त प्रतिबद्धताहरू पेश गर्न आग्रह गरेर व्यवहारिक रुपमा नै परिणत गर्नु रहेको थियो । **यो दृष्टिकोणले अपाङ्गता भएका व्यक्तिहरूको प्राथमिकताहरूलाई पहिचान गरी सम्बोधन गरिएको सुनिश्चित गर्दै अघिल्ला शिखर सम्मेलनहरूले राखेका जगहरूमा निर्माण गरिएको थियो।**

- **कार्यान्वयनमा केन्द्रित:** GDS २०२५ काम गर्न सकिने खालका परिणामहरू प्रदर्शन गर्न समर्पित थियो । यस विश्व अपाङ्गता शिखर

सम्मेलनले अपाङ्गता भएका व्यक्तिहरूले सामना गर्ने चुनौतीहरूलाई सम्बोधन गर्न प्रभावकारी र नवीन अभ्यासहरूलाई जोड दिंदै, जीवन्त भोगाइहरुलाई साझा गर्न कार्ययोग्य विधिहरुको प्रयोग गरेको थियो । **यस सम्मेलनले कार्यान्वयनमा जोड दिंदै, GDS २०२५ ले हाम्रा समुदायहरूलाई सकारात्मक रूपमा प्रभाव पार्ने प्रतिबद्धताहरूलाई वास्तविक, परिवर्तनकारी कार्यहरूमा परिणत गर्ने लक्ष्य राखेको थियो।**

- **अधिकारमूखी पद्दति:** GDS २०२५ ले अपाङ्गता भएका व्यक्तिहरू विरुद्ध भइरहेको भेदभावलाई मानव अधिकार उल्लङ्घनको रूपमा प्रकाश पारेको थियो । यस तेस्रो विश्व अपाङ्गता शिखर सम्मेलनले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि (CRPD) लाई समर्थन र प्रवर्द्धन गर्ने प्रतिबद्धताहरूको वकालत गरेको थियो ताकि यी सिद्धान्तहरूले

छलफल र नीतिहरूलाई मार्गदर्शन गर्ने सुनिश्चित गरोस् भनी गरिएको थियो। **यो अधिकारमुखी दृष्टिकोणले अघिल्ला शिखर सम्मेलनहरूमा हासिल गरिएका प्रगतिहरूलाई सुदृढ पार्ने र हाम्रा अधिकारहरूको पूर्तिलाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको थियो।**

- **राष्ट्रिय अपनत्व:** GDS २०२५ ले अपाङ्गता समावेशीकरण प्राप्त गर्न राष्ट्रिय जिम्मेवारीको महत्त्वलाई जोड दिएको थियो। यस शिखर सम्मेलनले देशहरूलाई अपाङ्गता समावेशीकरणका वित्तीय र विधायीकी चुनौतीहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्ने राष्ट्रिय योजनाहरूको रूपरेखा प्रस्तुत गर्न प्रतिबद्धताहरू पेश गर्न प्रोत्साहित गरेको थियो। **राष्ट्रिय स्वामित्वलाई प्रवर्द्धन गरेर, GDS २०२५ ले सरकारका सबै तहहरूमा अपाङ्गता अधिकारलाई राजनीतिक प्राथमिकताको रूपमा मान्यता दिइएको सुनिश्चित गर्न खोजेको थियो।**

- **अपाङ्गता र विकासमा सेतु (जोड्नु) मिलाउनुः** GDS २०२५ ले अपाङ्गता समावेशीकरणलाई विकास सहयोगको वृहत् एजेन्डामा एकीकृत गर्ने लक्ष्य राखेको थियो। यस शिखर सम्मेलनले विकासका पहलकदमीहरूमा हाम्रा अधिकारहरू समावेश गरिएको सुनिश्चित गर्ने विशिष्ट प्रतिबद्धताहरूको वकालत गरेको थियो। **यो प्रयासले GDS गतिलाई बलियो राजनीतिक आकर्षण उत्पन्न गर्न र दातृराष्ट्रहरुलाई धारा ३२ अन्तर्गतका आफ्ना दायित्वहरूलाई कायम राख्न र उनीहरूको सबै विकास सहायता अपाङ्गता समावेशी भएको सुनिश्चित गर्न प्रयोग गर्न प्रयत्न गरेको थियो।**

- **स्रोत (कोष) मा रहेको रिक्ततालाई सम्बोधन गर्नुः** GDS २०२५ ले अपाङ्गता समावेशीकरणको लागि मात्रै विनियोजन गरिएको विशिष्ट स्रोतहरूको तत्काल आवश्यकतामा ध्यान आकर्षित गरेको थियो। साथै, यस

शिखर सम्मेलनले प्रभावकारी वकालत र कार्यलाई समर्थन गर्न विश्वव्यापी अपाङ्गता कोष जस्ता नवीन वित्तीय संयन्त्रहरूको अन्वेषण गर्ने प्रयत्न समेत गरेको थियो। **यसरी यो कोषमा ध्यान केन्द्रित गर्नुको उद्देश्य अपाङ्गता समावेशीकरणमा दिगो र प्रभावकारी प्रगति गर्न पर्याप्त स्रोतहरू उपलब्ध छन् भनी सुनिश्चित गर्नु रहेको थियो।**

- **तथ्याङ्क र प्रमाणमा केन्द्रित हुनु:** GDS २०२५ ले नीति र अभ्यासलाई सूचित गर्न खण्डिकृत तथ्याङ्कको सङ्कलनलाई प्राथमिकता दिएको थियो। यस शिखर सम्मेलनले अपाङ्गता भएका व्यक्तिहरूले सामना गरेका वास्तविकताहरूलाई उजागर गर्न **विश्वव्यापी अपाङ्गता समावेशीकरण प्रतिवेदन** जस्ता उपकरणहरूको प्रयोग गर्ने लक्ष्य राखेको थियो, जसले गर्दा प्रमाणमा आधारित वकालतका प्रयासहरु अगाडि बढाउन सहज हुनेछ भन्ने

कुराको सुनिश्चित पनि गर्नु रहेको थियो । **तथ्याङ्कमा दिएको यो जोडले सरोकारवालाहरूलाई हाम्रा आवश्यकताहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्ने सूचित निर्णयहरू गर्न प्रोत्साहित गर्ने प्रयत्न गरेको थियो ।**

## के तेस्रो विश्व अपाङ्गता शिखर सम्मेलन २०२५ मा नेपालबाट कसैले Side Event को आयोजना गरेको थियो?

तेस्रो विश्व अपाङ्गता शिखर सम्मेलन २०२५ मा नेपालबाट राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ-नेपालले दुईवटा Side Event को आयोजना गरेको थियो । अप्रिल ३, २०२५ मा जर्मनीको वर्लिनमा Indigenous Peoples with Disabilities Global Network, Minority Rights Group र राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ-नेपाल मिलेर संयुक्त रुपमा Fireside

Chat का रुपमा "Amplifying the Voices of Indigenous Persons and Women with Disabilities in Climate Justice Initiatives" को आयोजना गरी सम्पन्न गरिएको थियो। यस Fireside Chat मा राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ-नेपालको तर्फबाट प्रतिमा गरुङले बोल्नुभएको थियो भने Minority Rights Group को तर्फबाट Lauren Avery – Intersection-ality Officer ले यसलाई सहजीकरण गर्नुभएको थियो। त्यसैगरी, SIDA को तर्फबाट Senior Policy Specialist – Birgitta Weibahr ले वक्ताको रुपमा आफ्नो विचार राख्नुभएको थियो। साथै, सोहि Fireside Chat मा Global Greengrants Fund को तर्फबाट Faith Lemon र McGill University को तर्फबाट जलवायु विज्ञ Clare Gibellini ले पनि panelists को रुपमा आफ्नो विचार राख्नुभएको थियो।


Amplifying the Voices of Indigenous Person and Women with Disabilities in Climate Justice Initiatives
Speakers:
GLOBAL DISABILITY SUMMIT
that our speakers have said, but we also would like to hear to you regarding 2 questions. So first of all, what is your climate just initiative? What are you doing

त्यसैगरी, World Deaf Federation अर्थात् विश्व बहिरा महासंघले आयोजना गरेको Side Event मा राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ-नेपाल लगायत अन्य विभिन्न संस्थाहरुको समेत सहभागीता थियो । "Deaf Indigenous Women's Access to Health: The Power of Citizen Data and Culturally Designed Training on SRHR" शिर्षकमा अप्रिल २, २०२५ मा आयोजना गरिएको सो Side Event मा राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ-नेपालका संस्थापक अध्यक्ष तथा राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ-नेपालको संस्थापक अध्यक्ष तथा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय अन्तरगतको राष्ट्रिय अपाङ्गता निर्देशन समितिका विषयविज्ञ प्रतिमा गरुङले वक्ताको रुपमा बोल्नुभएको थियो । सोहि संस्थाका कार्यसमिति सदस्य रविता देउलाले आदिवासी बहिरा महिलाले उनीहरुको यौन तथा प्रजनन स्वास्थ्यको सम्बन्धमा सामना गर्नुपरेको अवरोधहरुको सम्बन्धमा छोटो भिडियो

समेत बनाएर देखाइएको थियो । यो Side Event मा मूलत: बहिरा आदिवासी महिला र किशोरीहरूले प्रणालीगत भेदभाव र सांस्कृतिक तथा भाषिक रूपमा उपयुक्त सेवाहरूको अभावका कारण महत्वपूर्ण स्वास्थ्य सेवाहरुमा अवरोधहरूको सामना गर्नुपरेको तथ्यलाई उजागर गरिएको थियो। यस Side Event को मुख्य उद्देश्य अपाङ्गता-समावेशी विकासलाई प्रवर्द्धन गर्नु र बहिरा आदिवासी महिलाहरूको आवश्यकता र दृष्टिकोणको पहिचान र सम्बोधन सुनिश्चित गर्नु रहेको छ।

## के तेस्रो विश्व अपाङ्गता शिखर सम्मेलन २०२५ मा नेपालबाट कसैले मुख्य सत्र (Main Event) मा कसैले सहभागीता जनाएको थियो?

तेस्रो विश्व अपाङ्गता शिखर सम्मेलन २०२५ को सन्दर्भमा थुप्रै मुख्य सत्रहरुको आयोजना गरिएको थियो । सोहि सन्दर्भमा अप्रिल ३, २०२५ मा ‘Partici-

pation and Representation in Public Life and Decision-Making' शिर्षकमा मुख्य सत्रको आयोजना गरिएको थियो । सो सत्रमा विभिन्न विधालाई प्रतिनिधित्व गर्दै विभिन्न देशका प्रतिनिधिहरुले वक्ताको रुपमा बोल्नुभएको थियो । सोहि सन्दर्भमा नेपालबाट पनि राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ-नेपालको संस्थापक अध्यक्ष तथा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय अन्तरगतको राष्ट्रिय अपाङ्गता निर्देशन समितिका विषयविज्ञ प्रतिमा गरुङले पनि वक्ताको रुपमा बोल्नुभएको थियो । वहाँले विशेषगरी आदिवासी तथा न्यूनप्रतिनिधित्व रहेका अपाङ्गता भएका व्यक्ति तथा अपाङ्गता भएका महिलाहरुको सार्वजनिक जीवन र निर्णय गर्ने ठाउँमा विभिन्न अवरोधहरुको कारण सहभागीता र प्रतिनिधित्व नरहेको तथ्यलाई जोडदार रुपमा उठाउनुभएको थियो ।


GLOBAL
DISABILITY
SUMMIT
2025 BERLIN

# खण्ड ५: नागरिक समाज मञ्च

# (Civil Society Forum)

# नागरिक समाज मञ्च (Civil Society Forum) के हो ?

विश्व अपाङ्गता शिखर सम्मेलन हुनुपूर्व वा यसको पुर्वार्द्धमा अपाङ्गता भएका व्यक्तिहरुलाई आफ्नो आवाज एकतावद्द गर्न, अनुभवहरुको आदानप्रदान गर्न र साझेदारी निर्माण गर्ने उद्देश्यले निर्माण गरिएको स्थानलाई नागरिक समाज मञ्च भनिन्छ । यस मञ्चले अपाङ्गता भएका व्यक्तिहरूको संस्थाहरूको आवाज र सहभागितालाई बढावा दिन र विश्वव्यापी अपाङ्गता आन्दोलनसँग सम्बन्धित वर्तमान मुद्दाहरूलाई उजागर गर्न विश्वव्यापी अपाङ्गता शिखर सम्मेलनको आयोजनालाई उपयोग गर्दछ ।




उल्लेखित तस्विरले तेस्रो विश्व अपाङ्गता शिखर सम्मेलनमा सम्पन्न भएको नागरिकि समाज मञ्चका चारवटा महत्वपूर्ण विषयवस्तुहरुलाई उठान गरेको छ – १) समावेशी मानवीय कार्य; २) महिला र किशोरीहरुको अधिकार; ३) अपाङ्गता भएका यूवा र बालबालिका; र ४) अपाङ्गतामा कोष तथा बजेटको लगानी

## नागरिक समाज सन्दर्भ समूह (Civil Society Reference Group) के हो ?

नागरिक समाज मञ्च नागरिक समाज सन्दर्भ समूह (CSRG) द्वारा आयोजना गरिएको हो। नागरिक समाज सन्दर्भ समूहको उद्देश्य शिखर सम्मेलन, GDS आफैं र यसको अनुगमनको निर्माणमा अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधि संस्था र नागरिक समाजको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु हो। CSRG को सदस्यतामा ग्लोवल साउथ र ग्लोवल नर्थका नागरिक समाजका प्रतिनिधिहरू समावेश छन्।

## के तेस्रो विश्व अपाङ्गता शिखर सम्मेलन २०२५ को सन्दर्भमा नेपालमा कुनै नागरिक समाजको सम्मेलन भएको थियो?

नेपालमा तेस्रो विश्व अपाङ्गता शिखर सम्मेलन २०२५ को सन्दर्भमा फागुन २१-२२, २०८१ तदनुसार मार्च ५-६, २०२५ मा काठमाडौंमा

‘राष्ट्रिय अपाङ्गता सम्मेलन’ को आयोजना गरी भव्यताका साथ सम्पन्न गरिएको थियो । Disability Rights Fund को आर्थिक सहयोगमा दलित अपाङ्गता भएका व्यक्तिहरुको संघ-नेपाल, राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ-नेपाल र कोशिसको संयुक्त आयोजनामा सो सम्मेलन आयोजना गरी सम्पन्न गरिएको थियो । तेस्रो विश्व अपाङ्गता शिखर सम्मेलन २०२५ को पूर्वसन्ध्यामा आयोजना गरिएको सो राष्ट्रिय अपाङ्गता सम्मेलनले पहिलो दिन झण्डै १७ वटा विभिन्न अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधिहरुको प्रत्यक्ष सहभागीतामा अप्रिल २-३, २०२५ मा जर्मनीको वर्लिनमा हुन गइरहेको सम्मेलनमा नेपाल सरकारले गर्नुपर्ने प्रतिबद्धताका प्राथमिक सवालहरुको पहिचान गरिएको थियो । सो प्रतिबद्धताका सवालहरुमा विशेषत: अपाङ्गताभित्र पनि मूलधारमा आउन

नसकेका अति सीमान्तकृत तथा न्यूनप्रतिनिधित्व रहेका अपाङ्गता भएका व्यक्तिहरु जस्तै दलित, आदिवासी जनजाति, मधेशी, मुश्लिम, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका अपाङ्गता भएका व्यक्तिहरु लगायतका सवालहरुलाई प्राथमिकरण गरिएको थियो । सम्मेलनको पहिलो दिन प्रतिनिधि सभाको कानुन, न्याय तथा मानवअधिकार समितिका सभापति माननीय बिमला सुवेदी ज्यूको प्रमुख आतिथ्यतामा गरिएको थियो ।




Photo: Honorable Chairperson of Law, Justice and Human Rights Committee of House of Representatives with All Participants of the National Disability Summit

सोहि राष्ट्रिय सम्मेलनको दोस्रो दिन विशेष गरी नेपाल सरकार अन्तरगतका महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, स्वास्थ्य मन्त्रालय, शिक्षा मन्त्रालय लगायतका अन्य विभिन्न मन्त्रालयहरु, विकासका साझेदार संस्थाका प्रतिनिधिहरु, मानवअधिकार सम्बन्धि विभिन्न आयोगका माननीयहरु, संयुक्त राष्ट्र संघका विभिन्न निकायहरु, अपाङ्गताको क्षेत्रमा कार्यरत विभिन्न अन्तराष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधिहरु तथा अपाङ्गता अधिकारकर्मीहरुको प्रत्यक्ष सहभागीता थियो। यस सम्मेलनको दोस्रो दिन नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका माननीय मन्त्री प्रदिप पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। माननीय मन्त्री ज्यूले पनि अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको सवाललाई लिएर मन्तव्यका क्रममा विभिन्न प्रकारका प्रतिबद्धताहरु जनाउनु भएको थियो।




Photo: Honorable Minister – Pradip Poudel, Ministry of Health and Population with All Dignitaries During Inaugural Session

# खण्ड ६: विश्व अपाङ्गता शिखर सम्मेलनको प्रतिबद्धता संयन्त्र

# विश्व अपाङ्गता शिखर सम्मेलन प्रतिबद्धता संयन्त्र के हो ?

GDS प्रतिबद्धता संयन्त्र 'विश्वव्यापी अपाङ्गता शिखर सम्मेलन' मार्फत वास्तविक परिवर्तन ल्याउने केन्द्रबिन्दु हो। यो सरकारहरू, अन्तर्राष्ट्रिय संस्थाहरू, निजी क्षेत्र, नागरिक समाज र अपाङ्गता भएका प्रतिनिधि संस्थाहरुका लागि अपाङ्गता समावेशीकरणलाई अगाडि बढाउन औपचारिक, काम गर्न सकिने प्रतिबद्धताहरू गर्ने प्लेटफर्म हो। यी प्रतिबद्धताहरू, चाहे वित्तीय, नीति-संचालित, वा कार्यक्रमगत, प्रतीकात्मक संकेतहरू होइनन् - तिनीहरू अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि (CRPD) को पूर्ण कार्यान्वयन र दिगो विकासको लागि २०३० एजेन्डाको उपलब्धि सुनिश्चित गर्ने लक्ष्यद्वारा संचालित मूर्त कार्यहरू हुन्।

## हामीलाई प्रतिबद्धताहरु किन चाहिन्छन्?

विश्वका धेरैजसो देशहरूमा अपाङ्गता समावेशीकरण अझै पनि पर्याप्त प्राथमिकतामा छैन। यो परिवर्तनको समय हो - अपाङ्गता समावेशीकरण परोपकारी कार्यको विषय नभइ मौलिक मानव अधिकारको सवाल हो भनी स्वीकार गर्ने समय हो। यसलाई व्यवहारिक रुपमा कार्यान्वयनमा चरितार्थ गर्नका लागि पनि हामीलाई प्रतिवद्धताहरु चाहिन्छन्।

## प्रतिबद्धता कसरी गर्ने?

विश्व अपाङ्गता शिखर सम्मेलनमा प्रतिबद्धता जनाउनका लागि यसको वेवसाइटमा रहेको ‘Commitment Portal’ मा गएर विद्युतिय रुपमा बुझाउनुपर्ने हुन्छ। यस बाहेक अन्त बुझाइएको प्रतिबद्धताहरु मान्य हुँदैन किनकी यस संयन्त्रले ती प्रतिबद्धताहरुको कार्यान्वयनको प्रगतिलाई समेत अनुगमन गर्ने गर्दछ।

## प्रतिबद्धताका लागि के के मापदण्डहरु अपनाउनु पर्दछ?

विश्व अपाङ्गता शिखर सम्मेलनमा प्रतिबद्धता गर्नका लागि देहायका मापदण्डहरु मध्यनजर गर्नुपर्दछ –

- अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धि अनुपालन हुनुपर्दछ।
- अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधि संस्था समावेशीयुक्त हुनुपर्दछ।
- थप योगदान पुर्याउने खालको हुनुपर्दछ।
- मापनयोग्य र गणनायोग्य हुनुपर्दछ।
- रिक्ततालाई सम्बोधन गर्ने खालको हुनुपर्दछ।

## प्रतिबद्धता जनाउँदा किन महत्वकांक्ष जगाउनुपर्दछ?

सह-आयोजकहरूले CRPD को कार्यान्वयनको सम्बन्धमा महत्वाकांक्षा बढाउने प्रस्ताव राखेका छन्। त्यसकारण, सह-आयोजकहरूले शिखर सम्मेलनको समयमा मुख्य मञ्चमा माथि उल्लेख गरिएका मापदण्डहरूलाई प्रतिबिम्बित गर्ने र उच्च स्तरको महत्वाकांक्षा र/वा नवीनता प्रदर्शन गर्ने प्रतिबद्धताहरूको चयन गरी प्रस्तुत गर्दछन्।

## राम्रा प्रतिबद्धताहरु कस्ता हुन्छन् ? केहि उदाहरणहरु छन्?


प्राय:जसो सबै प्रतिबद्धताहरु राम्रा हुन्छ । तर, यहाँ राम्रा प्रतिबद्धताहरु भनेको विशिष्ट, मापनयोग्य, प्राप्त गर्न सकिने, सान्दर्भिक र समयसीमा निर्धारण गरिएकोलाई भनिएको हो। यसर्थ, त्यसका केहि उदाहरणहरु देहायबमोजिमका हुनसक्छन् -

- संयुक्त राष्ट्र संघको एक एजेन्सी/INGO ले वर्षभरि अपाङ्गता समावेशी प्राथमिक स्वास्थ्य सेवा र स्वास्थ्य प्रणालीलाई सुदृढ पार्न X देशहरूलाई सहयोग गर्ने प्रतिबद्धता जनाएको छ
- विकास एजेन्सीहरू X र Y ले आगामी पाँच वर्षमा ह्वीलचेयर, प्रोस्थेटिक्स, चश्मा र श्रवण यन्त्र जस्ता सहायक प्रविधिहरूमा पहुँच सुधार गर्न विशेष रकम लगानी गर्नेछन्
- देश X ले संस्था वा अपाङ्गता भएका व्यक्तिहरूको क्षमता निर्माणमा विशेष रकम लगानी गर्नेछ


# विश्व अपाङ्गता शिखर सम्मेलनका लागि प्रतिबद्धता संयन्त्रमा कसरी प्रतिबद्धता गर्ने?

विश्व अपाङ्गता शिखर सम्मेलनका लागि प्रतिबद्धता संयन्त्रमा प्रतिबद्धता जनाउनका लागि देहायबमोजिमका चरणहरु पार गर्नुपर्दछ –


- **पहिलो चरण:** सबैभन्दा पहिले विश्व अपाङ्गता शिखर सम्मेलनको वेवसाइटमा गएर GDS Commitments Portal जानुपर्दछ


GLOBAL DISABILITY SUMMIT
Sign-In
Home
Overview
Discussion
My Space
GDS Commitments Portal
An application to draft, manage, submit and monitor Global Disability Summit Commitments
GLOBAL DISABILITY SUMMIT
Welcome to the Global Disability Summit (GDS) Commitments Portal!

- **दोस्रो चरण:** त्यसपछि सोहि पेजको थोरै तल – लगभग बीचमा **“Submit a Commitment”** भन्ने निलो पृष्ठभूमिमा सेतो अक्षरले लेखेको **box** मा **Click** गर्नुपर्दछ ।




- **तेस्रो चरण:** त्यसपछि हामीलाई My Space भन्ने page को sign-in वा create account भन्ने ठाउँमा लैजान्छ । सो page मा यदि हाम्रो पहिले नै Account छ भने e-mail र password छ भने सोहि अनुसार sign-in गर्नुपर्दछ । अर्थात् यदि हाम्रो त्यहाँ पहिले नै google (Gmail) वा Face-book Account छ भने त्यसमा press गरेर पनि sign-in गर्न सकिन्छ ।


GLOBAL DISABILITY SUMMIT
Home
Overview
Discussion
My Space
Sign-In
Thank you for accessing the GDS Commitment Portal!
Please sign-in below if you have already created and account:
e-mail*
password*
Sign-in
Sign-in with
Google
Facebook
Or create an account if it is the first time you are submitting a commitment :
Create an account
Why am I seeing this ?
You are seeing this page because you are not signed-in. Only users with an account and proper access rights can access the GDS Commitments Portal and submit commitments.
Please contact summit@ida-secretariat.org if you have any questions.


- **चौँथो चरण:** यदि पहिले नै sign-in account create गरेको छैन भने हामीले सोहि पेजको थोरै तल रहेको create account मा गएर press गर्नुपर्दछ जसले अर्को नयाँ page मा हामीलाई लैजान्छ ।

- **पाचौँ चरण:** यो पेजमा हामीलाई Home भन्ने पेजमा पुर्याउँछ जहाँ Create your account for GDS भनी लेखिएको हुन्छ । त्यसको बीचभागमा Create an account भनी लेखिएको छ र त्यसमा तीनवटा खैरो रङ्गको box मा e-mail*, password* र first name लेखिएको छ । त्यहाँ गएर आफ्नो संस्थाको email ID, password र नाम लेख्नुहोला । तर, ख्याल गर्नुहोस् यसमा व्यक्तिगत प्रतिबद्धता राख्न पाइँदैन । त्यसैले तपाईँले सकेसम्म आफ्नो संस्थाको ईमेलबाट account खोलेको राम्रो हुन्छ ।





तर, सोहि page को देब्रपट्टी हेर्नुभयो भने त्यहाँ 1, 2, 3, 4, 5 गरी ठाडो रुपमा विभिन्न शिर्षक लेखिएको पाउनुहुन्छ जसले हामीले आफ्नो account खोल्दा ती ५ वटै चरणहरु अनिवार्य पार गर्नुपर्छ भनी दिएको निर्देशन हो ।

- **छैटौँ चरण:** यस चरणमा तपाईँले माथि भनिए बमोजिम आफ्नो संस्थाको नाममा account create गर्ने हो । जब तपाईँले आवश्यक सूचना राखेर create account मा press गर्नुहुन्छ तब त्यसले तपाईँलाई दोस्रो चरण Organization भन्ने पेजमा लैजान्छ ।




यो पेजमा यदि हामीले पहिले नै account create गरेर commitment lodge गरेका छौँ भने पहिले बुझाएका प्रतिबद्धताहरुलाई हेर्न सकिन्छ। यदि छैन र पहिलो पटक account create गरेको हो भने संस्थाको विवरण लेख्नुपर्ने हुन्छ।


- **सातौँ चरण:** संस्थाको विवरण लेख्दा सोहि पेजको Set details for new organization मा press गरेपछि संस्थाको विवरण लेख्ने अध्याय आउँछ जसमा आफ्नो संस्थाको छोटो विवरण लेख्नुपर्छ। त्यसपछि सोहि पेजको तलपट्टी रहेको दायाँ side मा लेखेको next लाई press गर्नुपर्दछ। त्यसपछि हाम्रो अर्को अध्यायमा पुग्छौँ।


gds.idata.tools/onboarding/organisation
Finish update
GLOBAL DISABILITY SUMMIT
Home
Overview
Discussion
My Space
Account
Create an account
Organisation
Profile Settings
3 Verification
Verify your email
4 Terms
Agree to our terms
5 Success
Your organisation
If you know that your organisation has already submitted commitments in the past, please search and select an existing organisation.
You will be able to edit commitments once you have been added to this organisation by the current owner, or by the GDS team.
Search existing organisation
Otherwise, provide details for creating a new organisation.
Set details for new organisation
Details for your new organisation
Name*
Dalit with Disabilities Association-Nepal
42 / 80
Acronym
DDAN
4 / 10
Type*
Organisation of Persons with Disabilities
Type of organisation
Description
Preview
Dalit with Disabilities Association Nepal is an emerging non-for-profit making organization of persons with disabilities purely founded and led-by Dalits with disabilities. DDAN is formally registered at district administration office of Kathmandu in September 15, 2023 and has affiliation with Social Welfare Council. DDAN is unique in its leadership and governance due to its constitituional mandate to ensure the leadership of young Dalit women and girls with disabiliteis with their majority.
DDAN envisions a just, inclusive, and equitable society where Dalits with disabilities enjoy full dignity, rights, and opportunities, free from caste, disability, and gender-based discrimination. Its mission is to empower Dalits with disabilities by advocating for their rights, dismantling caste- and


- **आठौँ चरण:** यस चरणमा तपाईँ Email Verification को सूचना पाउनुहुनेछ जसमा Thank you, your email is verified भनेर हरियो छायाँभित्र right चिन्ह लगाएको हुन्छ। त्यसैले, तपाईँ सोहि page सबैभन्दा तलपट्टि दायाँ किनारमा रहेको Next मा Press गरेर अर्को चरणमा प्रवेश गर्नुपर्ने हुन्छ।


gds.idata.tools/onboarding/verify
Finish update
Home
Overview
Discussion
My Space
Email Verification
Thank you, your email is verified!
Account
Create an account
Organisation
Profile Settings
3 Verification
Verify your email
4 Terms
Agree to our terms
5 Success
Previous
Next


- **नवौँ चरण:** यस चरणमा तपाईँ Terms मा पुग्नुहुन्छ जसमा तपाईँले Terms of Service मा भएको एउटा Box मा ठिक चिन्ह लगाएर Yes, I agree to the terms भन्ने जनाए पछि तपाईँले त्यसैको तलपट्टि रहेको Next मा press गर्नुपर्दछ ।



gds.idata.tools/onboarding/terms
Finish update
GLOBAL
DISABILITY
SUMMIT
Home
Overview
Discussion
My Space
Account
Create an account
Organisation
Profile Settings
3
Verification
Verify your email
4
Terms
Agree to our terms
5
Success
Terms Of Service
By accessing gds.idata.tools, you agree to the following terms:
gds.idata.tools Terms of Service
Yes, I agree to the terms gds.idata.tools Terms of Service
Next
I do not accept the Terms

- **दशौँ चरण :** यस चरणमा तपाईँ सिधै Success भन्ने page मा पुग्नु हुनेछ जसमा Congratulations, you have successfully created and account and are ready to start submitting commitments or report on past commitments भन्ने Message लेखेको पाउनुहुनेछ। यसरी तपाईँको GDS Commitment Mechanism मा दर्ता प्रक्रिया सम्पन्न हुनेछ।


gds.idata.tools/onboarding/success
Finish update
DISABILITY
Home
Overview
Discussion
My Space
Account
Create an account
Organisation
Profile Settings
Verification
Verify your email
Terms
Agree to our terms
Success
Success
Congratulations, you have successfully created and account and are ready to start submitting commitments or report on past commitments.
Access GDS commitments Portal

- **एघारौँ चरण :** यस चरणमा तपाईँ पुन: My Space page मा गएर commitment लेखिएका थुप्रै sections छन् । सोहि अनुसार आफ्नो प्रतिबद्धताहरु लेखेर सोहि page मा भएको Submit Button मा press गरेपछि तपाईँको प्रतिबद्धता औपचारिक रुपमा दर्ता हुन्छ । तर, आवश्यकता अनुसार हजुरले पुन: त्यसलाई edit पनि गर्न सक्नुहुनेछ । यसरी GDS Commitment Mechanism मा जोकोहि संघसस्था वा निकायहरुले आफ्नो प्रतिबद्धताहरु बुझाउन सक्नेछन् ।



gds.idata.tools/space/biYhKcfUFxUaaAbLCgHWm02cLgy2/ok/commitment/new
Finish update
GLOBAL DISABILITY SUMMIT
Home
Overview
Discussion
My Space
My Space
GDS data that I own
Welcome
Entry point for My Space
Discover
Collaborate with others
Commitments
See my commitments
Reporting
Reports on my commitments
Messages
Communication with GDS secretariat
Organisation
Organisation Profile
Team
Members of your team
commitment
Create a Commitment: New Commitment
Access Commitments guidelines here if you are not sure how to fill this form.
All required fields are marked with a asterisk. They must be filled in order to create the new commitment.
If you are planning to submit more than one commitment, please create a new entry for each individual commitment.
Title of Commitment*
New Commitment
14 / 150
Text of Commitment*
Preview
... Write text of the commitment
Geographical Scope and location
Indicate a geographical scope.


gds.idata.tools/space/biYhKcfUFxUaaAbLCgHWm02cLgy2/ok/commitment/new
Finish update
GLOBAL DISABILITY SUMMIT
Home
Overview
Discussion
My Space
My Space
GDS data that I own
Welcome
Entry point for My Space
Discover
Collaborate with others
Commitments
See my commitments
Reporting
Reports on my commitments
Messages
Communication with GDS secretariat
Organisation
Organisation Profile
Team
Members of your team
Geographical Scope and location
Indicate a geographical scope.
Implementation Scope*
Select a Continent*
Geographical scope of implementation
Categorization
Indicate the topics and pillar(s) this commitment is related to. Select all that apply.
Topic*
Topic of this commitment
Pillars*
Non-discrimination, Equality & Participation
Accessibility
Situations of crisis and conflict
Social and economic rights
Pillar(s) that your commitment falls under
Timeframe
Indicate the timeframe for this commitment.
Timeframe*
Timeframe for completing this commitment
Cancel
Create new Commitment

# विश्व अपाङ्गता शिखर सम्मेलन २०१८ मा गरिएको प्रतिबद्धताहरुको सारसंक्षेप




# विश्व अपाङ्गता शिखर सम्मेलन २०२२ मा गरिएको प्रतिबद्धताहरुको सारसंक्षेप



# खण्ड ७: अमान-वर्लिन घोषणापत्र

## अमान-वर्लिन घोषणापत्र के हो ?

**"विश्व अपाङ्गता समावेशीकरणका लागि अमान-वर्लिन घोषणापत्र"** विश्व अपाङ्गता शिखर सम्मेलन २०२५ को सबैभन्दा महत्त्वपूर्ण परिणामहरू मध्ये एक हो। यो घोषणापत्र विश्वव्यापी रूपमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारलाई अगाडि बढाउनको लागि एक महत्त्वपूर्ण कोसेढुङ्गा हो। यसमा अपाङ्गता-समावेशी अन्तर्राष्ट्रिय विकास सहयोग र मानवीय कार्यको लागि सशक्त प्रतिबद्धताहरू छन्। यस घोषणापत्रले अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधि संस्थाहरुको अर्थपूर्ण संलग्नताको महत्त्वलाई जोड दिँदै परिणामयुक्त साझेदारी प्रवर्द्धनका लागि समेत लक्ष्य लिएको छ। यो जोर्डन सरकार र जर्मनी सरकारले सह-आयोजना गरिएको हुँदा दुबै देशको राजधानी अमान र वर्लिनलाई संयुक्त रुपमा 'अमान-वर्लिन' घोषणापत्र नामाङ्करण गरिएको हो।


# अमान-वर्लिन घोषणापत्रको मूख्य सन्देश के हो?

अपाङ्गता समावेशीकरणका लागि घोषणापत्रमा गरिएका प्रतिबद्धताहरूमध्ये अन्तर्राष्ट्रिय विकास सहयोगका लागि दुई विशिष्ट लक्ष्यहरू छन् । सो अनुसार, यस घोषणापत्रलाई समर्थन गर्ने अभिनेताहरूले:

- समावेशी र पूर्ण समानता र गैर-भेदभावमा सक्रिय रूपमा सकारात्मक योगदान पुर्‍याएर र कुनै हानि नगरी **आफ्ना सबै अन्तर्राष्ट्रिय विकास कार्यक्रमहरू** अपाङ्गता भएका व्यक्तिहरूको समावेशी र पहुँचयोग्य बनाउन प्रयास गर्नेछन् ।
- **देश स्तरमा** कार्यान्वयन भइरहेका कम्तिमा १५ प्रतिशत अन्तर्राष्ट्रिय विकास कार्यक्रमहरूले अपाङ्गता समावेशीकरणलाई उद्देश्यको रूपमा पछ्याउने कुरा सुनिश्चित गर्न प्रयास गर्नेछन् (**"१५ प्रतिशतको लागि १५ प्रतिशत"**)।

# यो १५ प्रतिशतको लागि १५ प्रतिशत भनेको के हो?

यस विश्व अपाङ्गता शिखर सम्मेलन २०२५ मा जारी गरिएको 'विश्व अपाङ्गता समावेशीकरणका लागि अमान-वर्लिन घोषणापत्रले पहिलो पटक **"१५ प्रतिशतको लागि १५ प्रतिशत"** लक्ष्यको साथ पहिलो पटक विश्वव्यापी स्तरमा अपाङ्गता समावेशीकरणको लागि परिमाणात्मक लक्ष्य स्थापित गर्न खोजेको छ। सन् २०२८ सम्ममा चौँथो GDS हुँदा यो लक्ष्य हासिल गर्नु हो। "१५ प्रतिशतको लागि १५ प्रतिशत" लक्ष्यको विचार तलको ग्राफमा उल्लेख गरिएको छ –


15 PERCENT FOR THE 15 PERCENT
WHAT FOR?
UN CRPD implementation through international development cooperation
WHY A TARGET?
Disability inclusion not yet sufficiently addressed in international development cooperation and humanitarian action.
TARGET FOR WHAT?
ALL international development programs to be inclusive and accessible
15% of all international development programs to target disability inclusion
15 PERCENT OF WHAT?
Number of international development cooperation programs in a country's portfolio
WHY 15 PERCENT?
Ambitious and realistic according to OECD data
HOW TO IMPLEMENT?
Joint effort and responsibility by donors and recipients alike
HOW TO MONITOR?
Use of existing processes and data

## किन यो १५ प्रतिशतको लागि १५ प्रतिशत भन्ने लक्ष्य राखिएको हो?

वर्तमान समयमा पनि अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण **अन्तर्राष्ट्रिय विकास सहयोग** र **मानवीय कार्य**को केन्द्रबिन्दुमा छैन । सबैभन्दा ठूलो अल्पसंख्यक समूह (विश्वको जनसंख्याको झण्डै १५-१६%) अझै पनि पछाडि छ। परिमाणात्मक र ठोस लक्ष्यहरूले एजेन्डाहरू सेट गर्न र मानसिकता परिवर्तन गर्न मद्दत गर्ने सिद्ध भएको छ। त्यसैले, तेस्रो विश्व अपाङ्गता शिखर सम्मेलन २०२५ को अमान-वर्लिन घोषणापत्र सचेतना निर्माण र व्यक्तिगत प्रतिबद्धताहरूभन्दा पनि बाहिर गएर विशेष गरी **"१५ प्रतिशतको लागि १५ प्रतिशत"** लक्ष्य मार्फत मापनयोग्य परिवर्तन ल्याउने एक अद्वितीय अवसर हो।

# खण्ड ८: विश्व अपाङ्गता समावेशी प्रतिवेदन २०२५

# विश्व अपाङ्गता समावेशी प्रतिवेदन के हो ?

**'विश्व अपाङ्गता समावेशीकरण प्रतिवेदनः विविधता र परिवर्तनशील विश्वमा अपाङ्गता समावेशीकरणलाई तीब्रता प्रदान'** प्रतिवेदन विशेष गरी विश्व अपाङ्गता शिखर सम्मेलन २०२५ को लागि निर्माण गरिएको थियो । यो प्रतिवेदन विश्व अपाङ्गता शिखर सम्मेलन २०२५ को पूर्वसन्ध्या मार्च २८, २०२५ मा सार्वजनिक गरिएको थियो । यसले हाम्रो संसारलाई आकार दिने गहन परिवर्तनहरूले अपाङ्गता भएका व्यक्तिहरूको विविधता र यी परिवर्तनहरूलाई सम्बोधन गर्ने र जीवनका सबै पक्षहरूमा समावेशीकरणलाई कसरी अगाडि बढाउने भन्ने कुराको सिंहावलोकन प्रदान गर्दछ ।

DDAN NIDWAN

## यो प्रतिवेदन कसले बनाएको हो?

यो प्रतिवेदन विभिन्न UN Agencies, International Disability Alliance, International Disability and Development Consortium र यसका सदस्यहरु लगायत प्राज्ञिक व्यक्तित्वहरुले गरेको प्रयासहरुको परिणाम हो। यसलाई मूलत: जर्मन आर्थिक सहयोग तथा विकास मन्त्रालय (BMZ) द्वारा वित्तिय सहयोग प्रदान गरिएको छ भने लन्डन स्टक एक्सचेन्ज समूह र बेलायतको विदेश, राष्ट्रमंडल तथा विकास कार्यालय (FCDO) को वित्तिय सहयोग।

## यस प्रतिवेदनमा के के समेटिएको छ ?

यस प्रतिवेदनमा मूलतया देहायबमोजिमका ६ वटा विषयवस्तुहरुलाई समेटिएको छ –

- **अपाङ्गता भएका व्यक्तिहरूको विविधता र असमानता:** अपाङ्गता भएका व्यक्तिहरूको जीवनचक्रमा उनीहरुको समावेशीकरणलाई असर गर्ने कारकहरूको परिक्षण गरिएको छ ।

- **समावेशीकरणका लागि संरचनात्मक प्रयासहरू:** कानुनी सामन्जस्यता, राष्ट्रिय समन्वय, तथ्याङ्क प्रणाली र सार्वजनिक खर्चसँग सम्बन्धित प्रगति र चुनौतीहरूको समीक्षा गरिएको छ ।

- **विश्व प्रवृत्ति - चुनौती र अवसरहरू:** जलवायु परिवर्तन, प्रविधिको विकास, विकसित हुँदै गइरहेको हेरचाह र सहयोग सम्बन्धिको अर्थतन्त्र, शहरीकरण, बसाइँसराइ, र मानवीय संकट जस्ता विश्व प्रवृत्तिहरूले अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरणलाई कसरी असर गर्छ र यी चुनौतीहरूलाई कसरी सम्बोधन गर्न सकिन्छ भनेर अन्वेषण गरिएकको छ ।

- **समावेशीकरणका प्रमुख सबलीकरणका तत्वहरु:** कलंकका विरुद्द जुध्न र पहुँचयुक्ततालाई सुधार गर्न, हेरचाह र सहयोग प्रणाली, सहायक प्रविधिमा पहुँच, र अपाङ्गता भएका व्यक्तिहरू र तिनका प्रतिनिधि संस्थाहरूको अर्थपूर्ण सहभागिता सुधार गर्न रणनीतिहरूलाई विशेष जोड दिएको छ ।
- **क्षेत्रगत समावेशीकरण:** विविध सन्दर्भहरूमा शिक्षा, स्वास्थ्य सेवा, रोजगारी, र सामाजिक सुरक्षामा समावेशीकरणलाई सुदृढ पार्न व्यावहारिक सिफारिसहरू प्रदान गरिएको छ ।
- **अपाङ्गता समावेशीकरणका लागि वित्तिय लगानी:** अपाङ्गता समावेशीकरणको गतिलाई निश्चित स्तरमा पुर्याउन वित्तिय लगानीका लागि घरेलु र अन्तर्राष्ट्रिय स्रोतहरूको प्रयोगलाई अनुकूलन गर्ने मार्गहरूको अन्वेषण गरिएको छ ।

# अनुसूचीहरु:

- GDS2025 White Paper, Overview and Outline for GDS2025 (Source: https://www.globaldisabilitysummit.org/wp-content/uploads/2024/06/GDS2025-Key-messages-and-Objectives_Mar2024.pdf )
- GDS 2025 Advocacy Toolkit, (Source: https://www.globaldisabilitysummit.org/resource/gds-2025-advocacy-toolkit/ )
- Global Disability Summit 2025 website (source: https://www.globaldisabilitysummit.org/)
- Amman-Berlin Declaration (source: https://www.globaldisabilitysummit.org/resource/amman-berlin-declaration
- Global Disability Inclusion Report (source: https://www.globaldisabilitysummit.org/resource/global-disability-inclusion-report/?fbclid=IwY2xjawKBcuNleHRuA2FlbQIxMQBicmlkETFjRFJDd215cE9rSGF6T0gyAR6FfH3Yg4aS2Ny49Q4jNNjMicUMLNsO_giLAFDefRCij7wTboXVnjBTEIhziQ_aem_aDb1GpANhYI0ld_E5fKgKQ )
- Overview of Commitments for GDS2018 (Source: https://gds.idata.tools/overview )
- Overview of Commitments for GDs2022 (Source: https://gds.idata.tools/overview )

## दलित अपाङ्गता भएका व्यक्तिहरुको संघ-नेपाल (डिडान): संक्षिप्त परिचय

दलित अपाङ्गता भएका व्यक्तिहरूको-संघ नेपाल (डिडान) वि.स. २०८२ सालमा स्थापित अपाङ्गता भएका व्यक्तिहरूको एक उदियमान गैर-नाफामुखी संस्था हो। यो पूर्ण रूपमा दलित अपाङ्गता भएका व्यक्तिहरुद्वारा स्थापित गरी उनीहरुकै नेतृत्वमा सञ्चालन गरिएको छ। यस संस्थाको नेतृत्व र सुशासनमा दलित अपाङ्गता भएका युवा महिला र किशोरीहरूको बहुमत रहने व्यवस्थाका कारण यो आफैँमा अद्वितीय छ।

यस संस्थाले एक न्यायपूर्ण, समावेशी र समतामूलक समाजको परिकल्पना गर्दछ जहाँ दलित अपाङ्गता भएका व्यक्तिहरुले जात, अपाङ्गता र लिङ्गमा आधारित भेदभावबाट मुक्त पूर्ण मर्यादा, अधिकार र अवसरहरूको प्रत्याभूत गर्दछन्। यसको

ध्येय दलित अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको अधिकारको वकालत गर्दै, जात र अपाङ्गतामा आधारित भेदभावलाई उन्मूलन गर्दै, समावेशी विकासलाई प्रवर्द्धन गर्दै, र समाजको सबै तहमा नेतृत्व र सहभागितालाई सुदृढ गर्दै सशक्त बनाउनु हो। मर्यादा, समानता र सशक्तिकरणको सिद्धान्तहरूमा आधारित रहित यस संस्थाले मूलत: प्रणालीगत परिवर्तनलाई प्रवर्द्धन गर्न र दलित अपाङ्गता भएका व्यक्तिहरुको लागि समावेशी समाज निर्माण गर्न प्रयासरत छ। थप जानकारीको लागि दिइएको वेबसाइटको लिङ्क http://www.ddan.org.np गएर हेर्न र पढ्न सक्नुहुनेछ।



DDAN team with its Founding Senior Technical Advisor - Krishna Gahatraj (He/Him)

# राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ-नेपाल (निडवान): संक्षिप्त परिचय

राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ-नेपाल (निडवान) आदिवासी अपाङ्गता भएका महिला र किशोरीहरुद्वारा वि.स. २०७२ सालमा स्थापना गरी उनीहरुकै नेतृत्वमा सञ्चालित एक गैरनाफामूलक गैरसरकारी संस्था हो। यस संस्थाले आदिवासी तथा अन्य सीमान्तकृत र न्यून प्रतिनिधित्व भएका समूहहरूको न्यायमा पहुँच, विकासको मूलधार र समग्र मानव अधिकारको मूलधारको आन्दोलनका लागि उनीहरूको आवाजलाई प्रतिध्वनित गर्नका काम गर्दछ।

निडवानको ग्रामीणतहदेखि राष्ट्रियतह हुँदै क्षेत्रियदेखि अन्तराष्ट्रिय तहसम्म विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको संघसंस्थाहरु, नारीवादी संस्थाहरु र अन्य मानवअधिकारवादी तथा विकासको क्षेत्रमा कार्यरत संघसस्थाहरुसँग सञ्जालिकरण

छ। निडवानले आदिवासी अपाङ्गता भएका महिला र किशोरीहरुसँग सरोकार राख्ने विविध सवालहरुसँग काम गर्दछ। अधिकांश आदिवासी अपाङ्गता भएका महिला र किशोरीहरुले अन्य सरह समान रुपमा पहुँच सुनिश्चित गर्न र समान हैसियत कायम गर्नका लागि विभिन्न प्रकारका गतिविधिहरु गर्दै आइरहेको छ। थप जानकारीको लागि दिइएको वेबसाइटको लिङ्क http://www.nidwan.org.np गएर हेर्न र पढ्न सक्नुहुनेछ।


1 NO POVERTY
2 ZERO HUNGER
3 GOOD HEALTH AND WELL-BEING
4 QUALITY EDUCATION
5 GENDER EQUALITY
6 CLEAN WATER AND SANITATION
7 AFFORDABLE AND CLEAN ENERGY
8 DECENT WORK AND ECONOMIC GROWTH
9 INDUSTRY, INNOVATION AND INFRASTRUCTURE
10 REDUCED INEQUALITIES
11 SUSTAINABLE CITIES AND COMMUNITIES
12 RESPONSIBLE CONSUMPTION AND PRODUCTION
13 CLIMATE ACTION
14 LIFE BELOW WATER
17

DDAN

Dalit with Disabilities Association Nepal

Babarmahal-11, Kathmandu, Nepal

+977 9851424175

ddaninfo2080@gmail.com

www.ddan.org.np